प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ अषाढ १२-१८(जुन २६-जुलाई २) | | | | | | | |
| २ अषाढ १९-२५(जुलाई ३-९) | | | | | | | |
| ३ अषाढ २६-३२(जुलाई १०-१६) | | | | | | | |
| ४ श्रावन १-७(जुलाई १७-२३) | | | | | | | |
| ५ श्रावन ८-१४(जुलाई २४-३०) | | | | | | | |
| ६ श्रावन १५-२१(जुलाई ३१-अगस्त ६) | | | | | | | |
| ७ श्रावन २२-२८(अगस्त ७-१३) | | | | | | | |
| ८ श्रावन २९-भदौ ४(अगस्त १४-२०) | | | | | | | |
| ९ भदौ ५-११(अगस्त २१-२७) | | | | | | | |
| १० भदौ १२-१८(अगस्त २८-सेप्टेम्वर ३) | | | | | | | |
| ११ भदौ १९-२५(सेप्टेम्वर ४-१०) | | | | | | | |
| १२ भदौ २६-आश्विन १(सेप्टेम्वर ११-१७) | | | | | | | |
| १३ आश्विन २-८(सेप्टेम्वर १८-२४) | | | | | | | |

# आराधनीय परमेश्वरको उपासना

# **Worship**

लेखक:
रोजाली जीन्क

अनुवादक
भजुराम श्रेष्ठ

पब्लिशिङ्ग डिपार्टमेन्ट अभ्,
सेभेन्थ-डे एडभेन्टिस्ट चर्च,
नेपाल फिल्ड

(Publishing Department of Seventh-Day Adventist Church, Nepal Field)

**यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:**
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादक: जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने: जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : www.nepalworks.com/bhajupurna

प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग

प्रथम संस्करण : २०६८ (ई.सं. २०११)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान
साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह

प्रकाशनको लागि आर्थिक सहयोग : डेनमार्ककी गैर-मिशन कर्मचारी महिला

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोध: पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक**
पा. उमेश कुमार पोखरेल,
निर्देशक: पब्लिशिङ्ग डिपार्टमेन्ट नेपाल फिल्ड अभ एसडिए चर्च, फोन: ६६३७१८१, umsan@wlink.com.np
सम्पर्क:-
एल्डर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर कपिल बानिया ☎ ९८५१०९४२२५
पास्टर मदन आचार्य: निर्देशक इष्ट हिमालयन रिजन जलपाईगुरी, पश्चिम बंगाल, ☎००९१९४३४५००९८३
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० bhajupurna@gmail.com

## अस्थाई पाना

सुझाव: त्रैमासिक अध्ययन – अषाढ ११-आश्विन ६, २०६८ (जुन २५-सेप्टेम्वर २३, २०१०)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | आषाढ ११-१७(जुन २५-जुलाई १) |
| २ | अध्याय २ | आषाढ १८-२४(जुलाई २-८) |
| ३ | अध्याय ३ | आषाढ २५-३१(जुलाई ९-१५) |
| ४ | अध्याय ४ | आषाढ ३२-श्रावण ६(जुलाई १६-२३) |
| ५ | अध्याय ५ | श्रावण ७-१३(जुलाई २३-२९) |
| ६ | अध्याय ६ | श्रावण १४-२०(जुलाई ३०-अगस्त ५) |
| ७ | अध्याय ७ | श्रावण २१-२७(अगस्त ६-१२) |
| ८ | अध्याय ८ | श्रावण २८-भदौ २(अगस्त १३-१९) |
| ९ | अध्याय ९ | भदौ ३-९(अगस्त २०-२६) |
| १० | अध्याय १० | भदौ १०-१६(अगस्त २७-सेप्टेम्वर २) |
| ११ | अध्याय ११ | भदौ १७-२३(सेप्टेम्वर ३-९) |
| १२ | अध्याय १२ | भदौ २४-३०(सेप्टेम्वर १०-१६) |
| १३ | अध्याय १३ | भदौ ३१-आश्विन ६ (सेप्टेम्वर १७-२३) |

## विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | उत्पत्तिको पुस्तकमा आराधना | १ |
| २ | आराधना र प्रस्थान | १३ |
| ३ | पवित्र विश्रामबार शबाथ र आराधना | २५ |
| ४ | परमेश्वरको पवित्र मन्दिर र आराधना | ३७ |
| ५ | तिमीहरू धन्यका हौ, ए इस्रायली हो ! | ४९ |
| ६ | आराधना र भजन र स्तुतीप्रशंसा | ६१ |
| ७ | भजनसंग्रहको पुस्तकमा आराधना | ७३ |
| ८ | आराधनामा शङ्कट, समानुरूपता र सम्झौता | ८५ |
| ९ | अगमवक्ताहरू र आराधना | ९७ |
| १० | आराधना | १०९ |
| ११ | सत्य र आत्माद्वारा आराधना | १२१ |
| १२ | प्रारम्भिक चर्चमा आराधना | १३३ |
| १३ | प्रकाशको पुस्तकमा आराधना | १४५ |


## भूमिका

## "उहाँको आराधना गर...."

सेभेन्थ-डे एडभेन्टिस्टहरूमा अत्यन्त प्रचलित पदहरूमा प्रकाश १४:६,७ उल्लेखनिय छन्। यसमा लेखिएका छन्: "स्वर्ग अर्थात् आकाशको बीचमा अर्को स्वर्गदूत उडिरहेको मैले देखें। सारा संसारमा रहने प्रत्येक कूल वा जाती, भाषा र मानिसलाई सुसमाचार अर्थात् अनन्तको सन्देश प्रचार गर्दै उनी उडिरहेका थिए। चर्को स्वरले यो घोषणा गर्दै उडिरहे, 'परमेश्वरको भय वा आदर गर र उहाँको महिमा गर, उहाँले गर्ने न्यायको फैसलाको समय नजिक आइपुगेको छ। स्वर्ग र पृथ्वी, सारा समुद्र र पानीका मुहान सृष्टि गर्ने परमेश्वरको आराधना गर।'"(रूपान्तरित)। ती पदहरूले युगका अन्तिम समयमा घट्ने घट्नाहरूको बारेमा जानकारी दिएको भनि हामीलाई थाहा छ। ती पदहरूलाई आधार बनाएर यस अध्ययन पुस्तकका विषय प्रस्तुत गरिएको छ।  उहाँको आराधना, उपासना गर भनेर हामीलाई परमेश्वरले भन्नु भएको छ। परमेश्वरको श्रद्धा भक्तिसाथ आराधना गर्ने भनेको के हो भनेर ती पदहरूले उल्लेखनिय रूपमा हामीलाई बुझाउँछन् र साथै आराधनाको महत्वपूर्ण विषयवस्तुहरू कुन् हुन् भनेर पनि तिनैमा हामी पाउँछौं।

प्रथमतः यूहन्नाले "अनन्तको सुसमाचार" बोक्दै गइरहेको स्वर्गदूत देख्दछन्। यो नित्य करार अर्थात् सम्झौताको सुसमाचार हो। यो येशू ख्रीष्ट आउनुहुन्छ र मानिसको रूप लिनुहुन्छ भन्ने सुसमाचार हो। अनि मानविय रूपै धारणा गरेर संसारका पापीहरूको बिकल्पमा मर्नुहुनेछ भनेर हामीलाई बताइएको छ। यसको अर्थ हाम्रा सबै आराधनाका मौलिक आधार हाम्रो सट्टामा क्रुसमा मर्नुभएको येशू हो। जब हामी आराधना गर्दछौं तब हामीहरूका भावना, क्रियाकलाप र येशू हाम्रो बिकल्पमा मर्नुभएको कुरालाई ख्यालमा राख्नुपर्दछ। येशूले क्रुसमा जे गर्नुभयो र अहिले स्वर्गमा मूल पुजारीको जे गरिरहनुभएको छ (हिब्रू ८:१), ती उहाँको काममा समावेश गरिएको छ।

दोस्रोमा, यूहन्नाले हामीलाई भन्दछन्, “परमेश्वरको भय मान।“ परमेश्वरको भय वा श्रद्धा गर्नु र उहाँलाई प्रेम गर्नु एउटै सिक्काका दुई पाताहरू हुन्। हाम्रो सृष्टिकर्ता र मुक्तिदाता भनेर गहिरो रूपमा आदर देखाउनु नै उहाँको भय मान्नु हो। हामी सृष्टि गरिएका र उद्धार पाइएका प्राणी हौं भन्ने कुरालाई बिर्सनुहुन्न। यदि परमेश्वरलाई हल्का रूपमा मित्र ठान्दछौं वा उहाँलाई घुमाउन सक्छौं भन्ने धारणाले अभिप्रेरित हुन्छौं तब हामीले उहाँको अपमान गर्दछौं। भित्री श्रद्धाले प्रेरित भएर उहाँको उपासना गर्नुपर्दछ। यसले हामीलाई नम्रताबोध गराउँछन्। सच्चा आराधनामा नम्र भावनाले अत्यन्त महत्वपूर्ण भूमिका खेल्दछ। विनम्र भएर आउनु सत् आराधनामा नभैनहुने गुण हो।

“उहाँको महिमा गर" भनेर पनि हामीलाई बताइएको छ। यसको अर्थ परमेश्वरको महिमा गर्दा आफ्नो होइन उहाँको भाऊ खोज्नु हो। आराधना वा उपासना परमेश्वरको बारेमा हो, उहाँको नाउँ उच्च पार्नको निम्ति हो, हाम्रो बाहुल्यता देखाउन होइन। आराधनाको केन्द्रविन्दु मानिस र संस्कार अर्थात् रितिथिति होइन भन्ने कुरामा हामी बुझ्नुपर्दछ। हामी परमेश्वरको उपासना गर्ने हो हाम्रो वा हामीहरूको चर्तिकलालाई होइन। त्यसकारण उहाँमा केन्द्रित भएर मात्र हामी आराधना गर्नुपर्दछ। गौरवमय परमेश्वरको महिमाको निम्ति हामी आराधना गर्नुपर्दछ। हामीहरूका गीत, सङ्गीत, संस्कार रितिथिति, उपासना गर्ने शैलीलाई प्राथमिकता देखाउन आराधना गर्नुहुन्न।

परमेश्वरको भय मान्नु र उहाँलाई महिमा देऊ भनेर हामीलाई बताइएको छ। किन त? किनभने “न्यायको समय आइपुगेको छ।" येशू केवल मुक्तिदाता मात्र होइन, उहाँ हाम्रो न्यायमूर्ति पनि हुनुहुन्छ। हामीहरूको हृदयको गहिरो र कुना कुनामा लुकिएका अन्धकार नियतहरू उहाँलाई थाहा छ। मानिसलाई हामीले छल्न सफल भएतापनि परमेश्वरलाई हामी कहिलै पनि छल्न सक्दैनौं न त उहाँसँग खेलाँची गर्न सक्दछौं। हामी जे गर्छौं त्यसप्रति संवेदनशील भएर परमेश्वरको आराधना गर्नुपर्दछ। जब हामी उहाँको सम्मुख आउँछौं तब परमेश्वरप्रति हाम्रो जिम्मेवारी के छ सो कुरामा हामी सजग हुनुपर्दछ। उहाँबाट कुनै कुरा पनि लुकाउन सक्तैनौं भन्ने कुरामा पनि हामी बुझ्नुपर्दछ। यो आत्मज्ञानबाट हामीलाई क्रुसमा दोर्‍याइ दिनुपर्दछ। क्रुस नै हामीलाई न्याय दिलाउने एक मात्र आधार र आशा हुन्।

अन्तमा, हामीलाई सृष्टिकर्ता परमेश्वरको आराधना गर्नुपर्छ भनेर आह्वान गरिएको छ। सारा आराधनाको मौलिक आधार नै सृष्टि हो। किनभने हामीले गर्ने सबै शिक्षादिक्षाको आधार नै परमेश्वर सृष्टिकर्ता हुनहुन्छ भन्ने विश्वासमा हो। उहाँ सृष्टिकर्ता, मुक्तिदाता र न्याकर्ता भएकै कारणले हामी उहाँको आराधना गर्दछौं। सृष्टि, मुक्ति र न्याय एकै गाँठोमा बाँधिएको हुन्छ। त्यसकारण सबै सत् आराधना ती सत्यहरूको जगमा गहिरो जरा गाडेको हुनुपर्दछ। प्रकाश १४:७मा शबाथको बारेमा उल्लेख गरिएको भाषालाई रोचक मान्नुपर्दछ (प्रस्थान २०:११)। सृष्टिकर्ता परमेश्वरको गरिने सत् आराधनामा यो दिन निरन्तर रूपमा गाँसिएको हामी पाउँछौं।

सत् आराधनाको मूल विषयवस्तु शबाथमा समावेश भएको छ भनेर यस पुस्तकमा अध्ययन गर्नेछौं। परमेश्वरलाई दिल खोलेर उपासना गर्नु भनेको के हो भनेर त्यस सब्बथ आज्ञाले खुलासा गरेको छ। “वर्तमान वा समयसापेक्षिक सत्य"को एक महत्वपूर्ण प्रमुख भाग परमेश्वरको आराधना गर्नु हो। केवल एक मात्र सृष्टिकर्ता परमेश्वर जो आराधनाको योग्य हुनुहुन्छ, उहाँको सत् आराधना गर्नु भनेको के हो सो सिक्नु हाम्रै हितको निम्ति हो। रोजली हाफनर (ली) जीङ्क चर्चको बिभिन्न क्षेत्रमा अत्यन्त क्रियाशील भएर काम गर्नुभएको थियो। सेभेन्थ-डे एडभेन्टिष्टको बिभिन्न संस्थाहरूमा सह-पादरी तथा बाइबलको शिक्षिका हुनुभएकी थिइ। ती केहि संस्थाहरूमा कलेजभ्यू कलेज, साक्रमेन्टल सेन्ट्रल, बाटल क्रिक टेबरानाकल र हिन्सडेल चर्च हुन्। आफ्नो पादरी श्रीमानसँग १५ वर्षसम्म परमेश्वरको सेवाकार्यमा सघाएकी थिइन्। पछि उनको अवकास हुनुभन्दा पहिले अस्पतालको च्याप्लेन अर्थात् आत्मिक अगुवाको रूपमा काम गरेकि थिइ।